# आरुघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# शिक्षा, युवा तथा खेलकुद शाखा
आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल


प.सं : २०८३/०८४
च.नं. —

मिति : २०८३/०५/३१

## विज्ञ सूचीकृत गर्ने सम्बन्धी सूचना ।
(दोस्रो पटक प्रकाशित)

प्रस्तुत विषयमा यस आरुघाट गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८३/०५/०५ को निर्णय अनुसार यस गाउँपालिकाभित्रका विद्यालयमा रहने रिक्त शिक्षक तथा कर्मचारीको नियुक्तिका गर्ने प्रयोजनका लागि शिक्षा नियमावली २०५९, को दशौ संशोधन र प्रधानाध्यापक तथा करार शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि २०८२० को परिच्छेद ४ को दफा २६ वमोजिम तहगत र विषयगत विषय विज्ञ आवश्यकता परेकाले आरुघाट गाउँपालिका अन्तर्गतका विभिन्न तहमा कार्यरत योग्यता पुगेका शिक्षकहरुले ७ दिनभित्र रित पुर्वक आवेदन शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यालय समयभित्र पेश गर्नुहुन अनुरोध छ ।

**आवश्यक न्युनतम योग्यता**

क. प्रारम्भिक बालविकास शिक्षक तथा आधारभूत तहका शिक्षक छनोटका लागि

अ) निम्न माध्यमिक तहमा स्थायी नियुक्ति लिई ३ वर्ष सेवा गरेको शिक्षक अथवा प्राथमिक तह द्वितीय भई ३ वर्ष स्थायी सेवा गरेको शिक्षक,

आ) शिक्षाशास्त्र संकायमा स्नातक तह उत्तीर्ण भएको वा अन्य विषयमा स्नातक गरी तालिम प्राप्त शिक्षक.

इ) कम्तिमा निम्न माध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको,

ई) निम्न माध्यमिक तह (कक्षा ६-८) शिक्षक नियुक्तिका लागि विज्ञमा सूचिकृत हुनका लागि सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको विषयगत शिक्षक,

ख) माध्यमिक तह (कक्षा ९-१०) का शिक्षक छनोटका लागि

अ) नेपाल सरकारको स्वीकृत दरबन्दीमा रही सम्बन्धित तह र विषयमा कम्तीमा १ वर्ष स्थायी सेवा गरी कम्तिमा ३ वर्ष सेवा शिक्षण गरेको

आ) शिक्षाशास्त्र संकायमा स्नातकोत्तर तह उत्तीर्ण भएको वा अन्य विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरि माध्यमिक तहको शिक्षक हुनका लागि तालिम प्राप्त शिक्षक.

ग) माध्यमिक तह (कक्षा ११ र १२) का शिक्षक छनोटका लागि

स्नातक तहमा ३ वर्ष अविछिन्न रुपमा अध्यापनरत सम्बन्धित विषयको शिक्षण सहायक वा उपप्राध्यापक

प.सं : २०८३/०८४

च.नं. ——

घ) प्राविधिक धारका प्रशिक्षक छनोटका लागि

सम्बन्धित विषयमा स्नातकोत्तर गरी ३ वर्षको प्रशिक्षक पदमा कार्य अनुभव भएका व्यक्ति,

ङ) प्राविधिक धारका सहायक प्रशिक्षक छनोटका लागि

सम्बन्धित विषयमा स्नातक वा सो सरहको योग्यता भई ३ वर्षको प्रशिक्षक पदमा कार्य अनुभव भएका व्यक्ति,

च) प्राविधिक धारका ल्याव असिष्टेण्ट छनोटका लागि

सम्बन्धित विषयमा स्नातक वा सो सरहको योग्यता भई ३ वर्षको सहायक प्रशिक्षक पदमा कार्य अनुभव भएका व्यक्ति,

छ) विद्यालय सहायक कर्मचारी छनोटका लागि

व्यवस्थापन संकायमा स्नातक तह उत्तीर्ण गरेका, कम्तीमा २ वर्ष सेवा गरेका अधिकृतस्तरका कर्मचारी वा व्यवस्थापन, लेखा विषय अध्यापन गराउने माध्यमिक तहका शिक्षक,

आवश्यक कागजातहरु

क) तोकिएको ढाँचा अनुसारको आवेदन

ख) नेपाली नागरिकताको प्रमाण पत्र

ग) न्यूनतम तथा माथिल्लो शैक्षिक योग्यताको प्रमाण पत्र

घ) स्थायी नियुक्ति पत्र

ङ) अध्यापन अनुमति पत्र

च) अनुभव सम्बन्धी प्रमाणपत्रहरु

छ) वैयक्तिक विवरण

ज) सम्बन्धित तह र विषयको नयाँ पाठ्यक्रम बमोजिमको उत्तरकुञ्जिका सहितको एक सेट नमुना प्रश्नपत्र (वस्तुगत तथा विषयगत दुवै)

झ) राजश्व शाखामा रु. १,०००।- को आवेदन दस्तुर बुझाएको रसिद ।

*पुनश्च: विषय विज्ञमा सूचिकृत हुनका लागि यस गाउँपालिका भन्दाबाहिरबाट पनि यस गाउँकार्यपालिकाको शिक्षा शाखामा आवेदन दिन पाइने छ । साथै तोकिएको आवेदन फारामको ढाँचमा यसैसाथ संगलन गरिएको छ।*

करुणा पनेरु
प्रमुख प्रशासकीय अधिकृत (सातौं)

# आरुघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

आरुघाट, गोरखा
गण्डकी प्रदेश, नेपाल

मिति:

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
आरुघाट गाउँपालिका, गोरखा।

**विषय: विषय विज्ञ सूचीमा सूचीकृत हुन पाउँ।**

महोदय,

प्रस्तुत विषयमा आरुघाट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको मिति २०८३।०५।१० गते प्रकाशित सूचनाबमोजिम विषय विज्ञका रुपमा सूचीकृत हुन तपसिल बमोजिमको विवरण र आवश्यक कागजातसहित यो निवेदन पेश गरेको छु ।

पासपोर्ट साइजको फोटो

१.व्यक्तिगत विवरण:

नाम थर:.......................................................................

जन्म मिति: ...................................................................

स्थायी ठेगाना: जिल्ला.......................स्थानीय तह:.....................वडा नं................टोल:.......................

अस्थायी ठेगाना: जिल्ला.......................स्थानीय तह:.....................वडा नं..............टोल:.......................

सम्पर्क मोबाइल नं...............................इमेल:..................................................

नागरिकता नं. र जारी जिल्ला:..........................................................................

स्थायी नियुक्ति तह:.......................................अध्यापन गरिरहेको तह:.............................विषय:..................

२.विज्ञका रुपमा सूचीकृत हुन चाहेको तह र विषय:

तह: १.......................२.......................          विषय: १.......................२.......................

३.शैक्षिक योग्यताको विवरण

| क्र.सं. | शैक्षिक उपाधि | मुख्य विषय | उत्तीर्ण वर्ष | बोर्ड / विश्वविद्यालय | श्रेणी /प्रतिशत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

४.हालको सेवा तथा कार्य अनुभवको विवरण:

| क्र.सं. | कार्यरत संस्थाको नाम र ठेगाना | पद | तह | विषय | सेवाको प्रकार | सेवा अवधि (देखि –सम्म) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

५.तालिम वा प्रकाशन (प्रश्नपत्र निर्माणपाठ्यपुस्तक वा अनुसन्धान सम्बन्धी, तालिम वा प्रकाशन भए)

.......................................................................................................................

.......................................................................................................................

भिमसेन श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

निवेदकको दस्तखत:.......................

नाम:...............................................

मिति:.............................................